# जिल्ला समन्वय समितिको कार्यालय, तानसेन पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

आ.व २०८१/०८२ को तेस्रो त्रैमासिक समयावधि (२०८१ माघ १ गतेदेखि २०८१ चैत्र मसान्तसम्म ) मा सम्पादित कार्यहरुको विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

| | |
|---|---|
| क) निकायको स्वरुप र प्रकृति | नेपालको संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरेको छ। जिल्ला समन्वय समिति पाल्पामा नौ सदस्यीय समिति रहेको जसमा प्रमुख, उप-प्रमुख र सात जना सदस्य रहेको छ जिल्ला समन्वय समितिको कार्यालय, पाल्पा अन्तर्गत जिल्ला समन्वय अधिकारी सहित १२ जनाको दरबन्दी रहेको छ । |
| ख) निकायको काम, कर्तव्य र अधिकार | - जिल्ला स्थित संघ र प्रदेश सरकारी कार्यालय, गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने ।<br>- जिल्ला भित्र सञ्चालित संघ, प्रदेश, स्थानीय तह, गैसस तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सोको प्रवन्ध मिलाउने । |
| ग) निकायमा रहने कर्मचारी संख्या र विवरण | जिल्ला समन्वय अधिकारी-१<br>शाखा अधिकृत-१<br>ईन्जिनियर- १<br>नायब सुब्बा-१<br>लेखापाल-१<br>सब-ईन्जिनियर- १ (रिक्त)<br>खरिदार-१<br>हलुका सवारी चाॅलक-२(करार १ जना ,१पद रिक्त)<br>कार्यालय सहयोगी- ३(२ जना स्थायी ,१ जना करार) |
| घ) निकायबाट प्रदान गरिने सेवा | कार्यक्रमको स्वीकृति, समन्वय, अनुगमन, अनुगमनको लागि आवश्यक व्यवस्थापन गर्ने, |
| ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | — |
| च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर-निशुल्क, अवधि- तुरुन्त प्रक्रिया अघि बढाइने छ। |

नि· जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा
२०७३

| | |
|---|---|
| छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी | -सम्बन्धित शाखाबाट अवस्था अनुसार कारबाही सुरु भई जिल्ला समन्वय अधिकारीबाट निर्णय हुने ।<br>-अवस्था अनुसार जिल्ला समन्वय समितिको बैठक र जिल्ला समन्वय समितिका प्रमुखबाट निर्णय हुने । |
| ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी | -समन्वय प्रमुख (श्री टंकनाथ खनाल)<br>-जिल्ला समन्वय अधिकारी (श्री मुकुन्द शर्मा) |
| झ) सम्पादन गरेको कामको विवरण | -जिल्ला समन्वय समितिको मिति २०८१।११।१२ र मिति २०८१/१२/०४ मा बैठक बसी आवश्यक निर्णय गरिएको ।<br>- विभिन्न मितिमा रामपुर नगरपालिका, तिनाउ र निस्दी गाँउपालिका अन्तर्गतका नदीजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिले अनुगमन गरी आवश्यक निर्णय गरिएको।<br>- पाल्पा जिल्लाका सबै स्थानीय तहको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) सम्बन्धि आ.व. २०८०/८१ को मूल्याङ्कन सम्बन्धि कार्य सम्पन्न गरिएको।<br>- जिल्ला समन्वय समितिको समन्वय/आयोजना, तानसेन नगरपालिकाको व्यवस्थापनमा जिल्लाका सबै स्थानीय तहहरु, सुरक्षा निकायहरु, को.ले.नि.का , विकास निर्माणसंग सम्बन्धित कार्यालयहरु र पत्रकार समेतको सहभागितामा मिति:२०८१/१०/१५ गते तानसेन नगरपालिकामा समन्वयात्मक बैठक सम्पन्न गरिएको।<br>-अल्पकालीन सुरक्षित आवास गृह(SAFE House) आवास कार्यलाई निरन्तरता दिनको लागि जि.स.स.उपप्रमुख श्री काशिका ज्ञवालीको संयोजकत्वमा मिति २०८१/११/१२ गते बैठक बसी आवश्यक निर्णय गरिएको।<br>-जिल्ला समन्वय समिति लमजुङका उपप्रमुख बुना कुमारी रिमाल सहित जिल्ला समन्वय समितिका सदस्य तथा कर्मचारीज्यूबाट जिल्ला समन्वय समिति पाल्पामा अध्ययन अवलोकन भ्रमण भएकोमा जिल्ला समन्वय समिति पाल्पाका उपप्रमुख श्री काशिका ज्ञवाली, जिल्ला समन्वय अधिकारी र कर्मचारीहरु समेतको उपस्थितिमा मिति २०८१/११/२५ मा दुई जिल्ला समन्वय समितिबीच भए गरेका कार्यहरु र असल अभ्यास आदान प्रदान गरिएको।<br>-जिल्ला समन्वय समिति बर्दियाका प्रमुख सूर्य बहादुर विष्ट सहित जिल्ला समन्वय समितिका सदस्य तथा कर्मचारीज्यूबाट जिल्ला समन्वय समिति पाल्पामा अध्ययन अवलोकन भ्रमण भएकोमा जिल्ला समन्वय समिति |

प्र.जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
पाल्पा

<table>
<tr><td></td><td colspan="2">पाल्पाका उपप्रमुख श्री काशिका ज्ञवाली, जिल्ला समन्वय अधिकारी र कर्मचारीहरु समेतको उपस्थितिमा मिति २०८१/११/२५ मा दुई जिल्ला समन्वय समितिबीच भए गरेका कार्यहरु र असल अभ्यास आदान प्रदान गरिएको।<br>- प्रजातन्त्र दिवस २०८१ को पुर्व तयारीका सन्दर्भमा मिति २०८१ फागुन ४ गते जि.स.स. प्रमुख श्री टंकनाथ खनालज्यूको अध्यक्षतामा, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, कार्यालय प्रमुख, पत्रकार लगायतको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय पाल्पाको सभाहलमा छलफल एवं निर्णय गरिएको।<br>- मिति २०८१/११/०७ गते जिल्ला स्तरीय कार्यक्रम समिति, पाल्पाद्धारा आयोजित राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ को सन्दर्भमा जि.स.स. प्रमुख श्री टंकनाथ खनालज्यूको अध्यक्षतामा शुभकामना आदान प्रदान र दीप प्रज्वलन कार्यक्रम पाल्पा दरबार परिसर, पाल्पामा सम्पन्न गरिएको।<br><br>-पाल्पा जिल्ला अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरु बाट संचालित आयोजना कार्यक्रमहरुको विभिन्न मितिमा समन्वय प्रमुख, समन्वय अधिकारी, कर्मचारी बाट अनुगमन सम्बन्धि कार्य भएको ।<br>-संघ र प्रदेशबाट स्थानीय तह र अन्य कार्यालयहरुलाई समन्वय गर्ने सम्बन्धमा लेखिआएका विषयमा समन्वय गर्ने कार्य गरिएको ।</td></tr>
<tr><td>ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद</td><td colspan="2">प्रमुख : जिल्ला समन्वय अधिकारी श्री मुकुन्द शर्मा<br>सूचना अधिकारी : शाखा अधिकृत श्री भावना पोखरेल</td></tr>
<tr><td>ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सुची</td><td colspan="2">- स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>- जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५<br>-स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६<br>- जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि- २०७९<br>- जिल्ला सभा तथा जिल्ला समन्वय समिति बैठक सञ्चालन सम्बन्धी कार्यविधि - २०७५</td></tr>
<tr><td rowspan="4">ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण</td><td colspan="2">आ.व २०८१।०८२ को चैत्र मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण :</td></tr>
<tr><td colspan="2">बजेट शिर्षक नं. ३६५००१०५३ जिल्ला समन्वय समितिको कार्यालय (चालु)</td></tr>
<tr><td>विनियोजित बजेट</td><td>खर्च</td></tr>
<tr><td>रु२१,६१०,९८५.००।-</td><td>रु१३,८८८,२५८.५९।—</td></tr>
<tr><td>ड) तोकिए बमोजिमका अन्य विवरण</td><td colspan="2">—</td></tr>
</table>

नि· जिल्ला समन्वय अधिकारी